## गाउँ कार्यपालिकाको २४औं बैठकको निर्णय

### प्रस्ताव तथा निर्णयहरुः

१. वास प्लान सम्बन्धमा।
२. आगलागि पिडितको राहत सम्बन्धमा।
३. सतमुले खानेपानी आयोजनको भेरिएसन अर्डर सम्बन्धमा।
४. विविध।

### निर्णय नं १.

मल्टि सेन्टर इन्जिनियर कन्सल्टेन्सी प्रालि दाङको प्राविधिक सहयोगमा निर्माण भएको गाउँपालिकाको वास प्लानको ड्राफ्ट रिपोर्टमाथि व्यापक छलफल भयो। सो सम्बन्धमा मस्यौदा प्रतिवेदनमा आबश्यक विषय बस्तुहरु थपघट गर्नु पर्ने तथा सच्याउनु पर्ने भएकोले वडागत रुपमा छुट्टाछुट्टै योजनाको विवरण तयार पारि वडा अध्यक्षहरुसँग छलफल गरि रिपोर्टलाई सच्याएर अन्तिम प्रतिवेदन दिने।

### निर्णय नं २

रुन्टीगढी गाउँपालिकाका विभिन्न वडामा आगलागि भई पूर्ण रुपमा घर जलि नष्ट भएको र सो सम्बन्धमा राहत उपलब्ध गराइपाउँ भनि वडाको सिफारिस सहित निवेदन पेश भइ आएका निवेदनहरु पेश हुँदा विपद व्यवस्थापन कोष संचालन कार्यविधि २०७९ बमोजिमको अनुसूची ३ को घर क्षतिको महलमा भएको व्यवस्था अनुसार उच्चतम रकम रु.३०,०००/- सम्म मात्र राहत दिन सकिने व्यवस्था भएको र सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत फुसको छाना हटाउन प्रति घर रु ५०००० उपलब्ध हुने अबस्थामा आगलागि भई घर नष्ट भएका परिवारलाई पनि सोही बराबरको राहत प्रदान गर्न आबश्यक देखिदा कार्यविधिको दफा ८ को उपदफा ७ को व्यवस्था बमोजिम सुरक्षित नागरिक आवास कार्यक्रमबाट पाउने राहत सरह उपलब्ध गराउने।

तपसिलः

| क स | नामथर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | इन्द्र बहादुर घर्ति | रुन्टीगढी २ | |
| २ | नन्दसरी बुढा | रुन्टीगढी २ | |
| ३ | बिरसिंङ बुढा | रुन्टगढी ५ | हाल जस्तापाता प्रयोग गरि घर छाउन सक्ने अबस्था नदेखिएकोले निजलाई तत्कालका लागि त्रिपालको व्यवस्था गर्ने। |
| ४ | नन्द कुमार घर्ती | रुन्टगढी ६ | |
| ५ | गन बहादुर दमाई | रुन्टगढी ६ | सोही कोषबाट यस अघि रु ३०००० राहत प्राप्त गरिसकेकोले अब बाँकी रु २०००० मात्र उपलब्ध गराउने। |

**निर्णय नं ३**

रुन्टीगढी गाउँपालिका वडा नं ६ मा संचालन भएको सतमुले खानेपानी आयोजना सम्झौता अनुसार काम गर्दा कतिपय सामाग्रीहरु थपघट गर्नु परेको र संरचनाहरु बनाउनु पर्ने स्थानमा जटिल भुगोलका कारण बनाउन नसकिएको हुदा उक्त आयोजना निर्माणको भेरिएसन अर्डर गर्ने।

**निर्णय नं ४**

रुन्टीगढी गाउँपालिकाका विभिन्न वडाहरुबाट आर्थिक सहयोगका लागि आएका निवेदन तथा अन्य आर्थिक सहयोगका निवेदन माथि छलफल गर्दा निवेदकलाई परेको स्वास्थ्य समस्याको जटिलता, कमजोर आर्थिक अबस्था र घरको आयस्रोतलाई मध्यनजर गर्दै त्यसरी आर्थिक सहयोग माग गरि निवेदन दिएका व्यक्तिहरुलाई आर्थिक सहायता कार्यविधि, २०७५ बमोजिम र सामान्य विरामिहरुलाई अध्यक्षज्यूको तोकादेश अनुसारको आर्थिक सहयोग दिने।

| क सं | नामथर | ठेगाना | समस्या | रकम |
|---|---|---|---|---|
| १ | विरेन्द्र पुन | रुन्टीगढी ३ | कानको समस्या | रु.१०,०००/- |

**निर्णय नं ५**

रुन्टीगढी गाउँपालिका होलेरी रोल्पामा संचालनमा रहेका तपसिलका विभिन्न एफ एम रेडियोहरुबाट विभिन्न समयमा गाउँपालिकाको विभिन्न सूचनाहरु प्रशारण गरे वापत देहाय अनुसारको रकम भुक्तानी दिने।

| क सं | नामथर | ठेगाना | विषय | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | रेडियो होलेरी | रुन्टीगढी ६ | सूचना प्रशारण | रु.६५,००/- | |
| २ | रेडियो सुनछहरी | रुन्टीगढी ९ | सुचना प्रशारण | रु.४०,०००/- | |
| ३ | रोल्पा संचार प्रा लि | रुन्टीगढी ९ | सूचना प्रशारण | रु.२०,०००/- | |
| ४ | रेडियो सुर्यमुखि | रुन्टीगढी ४ | सूचना प्रशारण | रु.६०,०००/- | |